# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशि

खण्ड ११ ] काठमाडौं, पौष २५ गते २०१८ साल [ संख्या ३८

**श्री ५ को सरकार**

### उद्योग वाणिज्य मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिएको एजेन्सी दस्तूर ( प्रथम संशोधन) नियमहरू २०१८, सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

एजेन्सी दस्तूर नियम २०१५ (यस पछि मल नियम भनिएको) मा संशोधन गर्नु वान्छनीय भएकोले,

नेपाल एजेन्सी ऐन, २०१४ को दफा १० ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम एजेन्सी दस्तूर (प्रथम संशोधन ) नियम २०१८ रहेकोछ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. मूल नियमको नियम ३ मा थप्नेः– (१) मूल नियमको नियम ३ मा रहेको "उद्योग विभाग" शब्दहरूको सट्टा "वाणिज्य विभाग" सब्दहरू राखिएकोछ ।

(२) मूल नियमको नियम ३ को आखिरी शब्दपछि देहायको वाक्यांश थपिएकोछ, दरखास्त दिंदा दरखास्त दस्तूर ने. रू. ५। पनि दाखिल गर्नुपर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. <u>मल नियमको नियम ४ मा थप्ने</u>:– मूल नियम ४ को आखिरी शब्दपछि देहायको वाक्यांश थपिएकोछ ।

तर एजेन्सी रजिष्टर नभएमा यस नियम बमोजिम रजिष्ट्रेशन दस्तूर बापत दाखिल गरेको रुपैयां दरखास्तवालाले फिर्ता पाउने छ ।

<u>नुसूचीमा संशोधन</u>:– मल नियमको अनुसूची १ र अनुसूची २ मा रहेको "उद्योग विभाग" शब्ददहरूको सट्टा "वाणिज्य विभाग" शब्दहरू राखिएकोछ ।

आज्ञाले–
कृष्णबम मल्ल
श्री ५ को सरकारको सचिव
उद्योग वाणिज्य मन्त्रालय

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।